# लालबन्दी नगरपालिका

# नीति तथा कार्यक्रम, २०७४/०७५

नगरसभाबाट पारित मितिः –२०७४/०९/२६

**लालबन्दी नगरपालिका**
**लालबन्दी, सर्लाही**
**२ नं. प्रदेश, नेपाल**

# लालबन्दी नगरपालिकाको प्रथम नगर सभा २०७४/०७५मा नगर प्रमुख श्री मान बहादुर खड्काज्यू द्वारा प्रस्तुत नीति तथा कार्यक्रम

**नगर सभाबाट पारित मिति : २०७४/०९/२६**

## सामाजिक पुर्वाधार विकास :-

### १. शिक्षा :-

- यस नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका बनाउन शिक्षण संस्था एवम शैक्षिक गुणस्तर अभिवृद्धिको कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्दै लैजाने क्रमममा वर्तमान अभिभावक एवं विद्यार्थीको माग बमोजिम अंग्रेजी माध्यमबाट शिक्षण गराउन आगामी शैक्षिक सत्र देखि नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयबाट कम्तिमा बालविकास शिक्षा/ शिशु कक्षा/नर्सरी कक्षा अंग्रेजी माध्यमबाट पठन पाठन शुरु गरिनेछ ।
- यस नगरपालिकाको आय श्रोतमा टेवा पुर्‍याउने नवजिवन मा.वि. तथा अन्य आवश्यक सामुदायिक शिक्षण संस्थालाई सम्वन्धित शिक्षण संस्थाको व्यवस्थापन समितिको प्रस्तावलाई अध्यानगरी उपयूक्त ढंगले शैक्षिक गतिविधि संचालन गराउन आवश्यक सहयोग गरिनेछ ।

### २. स्वास्थ्य :-

- यस नगरपालिकास्थित प्राथमिक स्वास्थ्य केन्द्र, लालबन्दी र अन्य स्वास्थ्य चौकीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डका निःशुल्क उपलब्ध गराउनु पर्ने औषधि निरन्तर उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- स्वास्थ्य संस्था एवं खोपकेन्द्रको विकास र विस्तार संगै नगरपालिका भित्रका सर्वसाधरणलाई न्यूनतम आधारभुत स्वास्थ्य सुबिधाको प्रत्याुति दिइने छ ।
- यस नगरपालिकाका वासिन्दालाई सर्पदंश बढर्दै गैरहेको परिप्रेक्ष्यमा विद्यमान सर्पदंश केन्द्रको भौतिक पूर्वाधार वृद्धि गर्दै सर्पदंश बाट ज्यान गुमाउनु नपर्ने गरी उपकरण सहितको उपचारको व्यवस्था गरिनेछ ।

### ३. संचार :-

- वर्तमान युगमा प्रविधिले फड्को मारिसकेको यस परिप्रेक्ष्यमा यस लालबन्दी नगरपालिकाको सबै वडामा मानव-मानव बिच टेलिफोन, संचार हाल सम्म कायम गर्न नसकेको सन्दर्भमा सबै वडामा हाललाई कम्तिमा टेलिफोन संचारको व्यावस्थापन गर्दै अन्य प्रविधिको विकास गर्दै अगाडि बढाइनेछ ।

## ४. सामाजिक सुरक्षा :-

- जेष्ठ,अशक्त, अपांग लगायतलाई नेपाल सरकारले गत विगत देखि दिँदै आएको सामाजिक सुरक्षा सम्बन्धी सुविधालाई दुरुपयोग हुन नदिन एंव सम्बन्धितको हातमा नै पु-याउन सबै वडामा बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने ब्यवस्था मिलाइने छ ।
- यस नगरपालिका भित्रका जेष्ठ, अशक्त, एंव अपाङ्ग व्यक्तिहरुलाई विशेष सम्मान गर्दै जीवनको आयु वढाउन प्रोत्साहन गरिने छ ।

## ५) अन्य सामाजिक पूर्वाधार :-

- सामाजिक पूर्वाधारको विकासले स्वस्थ, सक्षम एवं सशक्त जनशक्तिको विकास हुने हुँदा त्यस्ता अत्यावश्यक पूर्वाधार पहिचान गर्दै विकास र विस्तार गर्दै लगिनेछ ।
- यस नगरपालिका भित्र सुशासन अनुभूति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।

## भौतिक पूर्वाधार :-

## १) यातायात :-

- यस लालवन्दी नगरपालिका भित्रका सवै वडा, गाउँवस्ती, टोलमा सडक सञ्जाल विकास र विस्तार गर्दै लगिनेछ ।
- मुख्यगरी पूर्व-पश्चिम लोकमार्ग अर्न्तगत यस नगरपालिका भित्रको कालोपत्रेसंग जाडिने उत्तर दक्षिण तर्फको सहायक मार्गहरुलाई कालोपत्रे गरिनेछ ।
- यस नगरपालिका भित्रको सडक सञ्जाल तोकिएको मापदण्ड अनुरुप विकास र विस्तार गर्दै नगरवासी लाई सहज यातायातको व्यवस्था मिलाईनेछ ।
- सिटी वसपार्क, रिक्सा स्टैण्ड स्थल पहिचान गरी सहज सडकको व्यवस्थापन गरिनेछ ।
- यस नगरपालिकाको नवलपुर, लालवन्दी र रानिगंजमा ओभरहेड ब्रिज निर्माण गराउन आवश्यक पहल गरिनेछ ।

## २) कृषि तथा पशु विकास :-

- यस नगरपालिकाले कृषि उत्पादन मुख्यगरी तरकारी (गोलभेडा लगायत) ले देश मै पहिचान राखेकोले सो को उत्पादन अभिवृद्धि गरी कृषकलाई प्रोत्साहन गर्न संरक्षण, प्रवर्दन, विकास र विस्तार गर्न आवश्यक कार्यक्रम ल्याईने छ ।
- कृषिमा उत्पादन वृद्धि, पशु नश्ल सुधार गर्दै सहकारीको माध्यमवाट कृषकको आयआर्जनमा अभिवृद्धि गरिनेछ ।
- कृषि वजारको विस्तार एवं विद्यमान हाट वजार लाई व्यवस्थित रुपले संचालनमा ल्याईनेछ ।

**३) सिंचाई :-**

- जमिनलाई उत्पादनशिल वनाउनु पर्दछ, कृषि योग्य जमिन वनाउन सिंचाई आवश्यक पर्ने हुँदा विद्दमान नदी, खोला वा पानीको श्रोतको संरक्षण र व्यवस्थापन गर्दै विभिन्न माध्यम वाट खेती योग्य जमिनको रुपमा विकास गरिनेछ ।

**४) खानेपानी तथा ढल सुधार :-**

- यस नगरपालिका भित्र तेस्रो शहरी विकास आयोजनाको खानेपानी तथा ढल सुधार सम्वन्धी कार्यक्रम संचालन भैरहेकोले उक्त आयोजना संग समन्वय गरी यथासक्य यस नगरपालिका भित्र शुद्ध एवं स्वच्छ खानेपानी शिघ्र उपलव्ध गराउने र ढलनिकासको व्यवस्था मिलाईनेछ ।
- उक्त आयाजनाले समेटन नसक्ने यस नगरपालिकाको दुर्गम क्षेत्रमा प्राकृतिक स्रोतको संरक्षण गर्दै खानेपानीको व्यवस्था मिलाईनेछ ।

**५) पर्यटन :-**

- यस नगरपालिका भित्रको धार्मिक, सास्कृतिक एवं पर्यटकिय क्षेत्रहरुको पहिचान गर्दै सो को संरक्षण, प्रवर्द्धन र विकास गरिनेछ ।

**६) वन :-**

- हरियो वन नेपालको धन भन्ने उक्तिलाई यथार्थमा उतार्न विद्यमान सामुदायिक वन उपभोक्ता समुहलाई क्रियाशिल वनाई वन संरक्षणमा जोड दिईनेछ ।

**७) खेलकुद :-**

- खेलकुद विकासका लागी हरेक वडामा युवा क्लव स्थापना गर्न उत्प्रेरित गरिनेछ । विद्यमान वडा नं ६ को खेल मैदान लाई क्षेत्रिय स्तरको रंगशालाको रुपमा विकास गरिने सोच रहेकोछ ।

**८) विद्युत तथा उर्जा :-**

- यस नगरपालिका भित्र विद्युत उर्जा उत्पादनका लागी नारायणखोलामा पूर्व सम्भाव्यता अध्ययन गरिनेछ ।
- सौर्य उर्जा वा अन्य वैकल्पिक उर्जा विकासका लागी थप प्रोत्साहन गरिने छ । नगर भित्र बाँकी क्षेत्रमा विद्युतिकरण गर्न जोड दिईनेछ ।

**९) वातावरण संरक्षण :-**

- एक घर दुई वृक्षारोपण अभियान संचालन गरी सफा, स्वच्छ र सुन्दर शहरको रुपमा विकास गरिनेछ, साथै अन्य वृक्षारोपणका कार्यक्रमहरु संचालन गरिनेछ ।

**१०) विपद् व्यवस्थापन :-**

- विपद् व्यवस्थापनका लागी नगरस्तरिय एक छुट्टै समिति गठन गरी कोषमा अवश्यक वजेटको व्यवस्था गरिनेछ । साथै, विपन्न व्यक्तिको लागी आवश्यक सहयोग गर्न छुट्टै व्यवस्था मिलाईनेछ ।

**११) उपभोक्ता हित संरक्षण :-**

- पशु वधशाला निर्माण गरी स्वच्छ एवं स्वस्थ मासुको उपभोग गर्न सक्ने अवस्था सृजना गरिने छ ।
- वस्तु तथा सेवाहरुको मूल्य सूचि सवै उपभोक्ताले देखिने गरी उपर्युक्त स्थानमा राख्ने व्यवस्था मिलाईनेछ ।
- समय समयमा उपभोक्ता हितका लागी विशेषज्ञ सहितको अनुगमन टोली परिचालन गरिनेछ ।

**१२) भू उपभोग एवं भूमिसुधार :-**

- नगरभित्रको ग्रामिण  वस्तिलाई क्रमशः शहरीकरण गर्दै लगिनेछ ।
- खेतीयोग्य जमिनको संरक्षण गर्ने र प्लटिङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- यस नगरपालिका भित्र धेरै जग्गाहरु दर्तागर्न छुट भएकाले ऐलानी, पर्तिको रुपमा देखिएको र सरकारी, सार्वजनिक जग्गा संरक्षण गर्न कठिन भै रहेको ले सो का लागि लगत संकलनको प्रकृया अगाडी वढाईनेछ ।

**१३)  लक्षित समुह :-**

- विभिन्न लक्षित समुहलाई आर्थिक, सामाजिक, सास्कृतिक, धार्मिक, संरक्षण र विकास गर्नेगरी आवश्यकताको पहिचान गर्दै उत्थान र समृद्धिको कार्यक्रम संचलन गरिनेछ ।

**१४) सरकारी गैर सरकारी संस्था संग समन्वय :-**

- यस नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रमहरुमा सरकारी/गैह्रसरकारी संघ संस्थासंग लाभान्वित समूहको हितलाई मध्यनजर राखी समन्वय गरिनेछ ।

**१५) विविध :-**

- यस नगरपालिकाको नगरवासीहरुको अधिकाधिक हित हुनेगरी अन्य नीती तथा कार्यक्रम एवं आवश्यक कानून तर्जुमा गर्दै कार्यान्वयनमा ल्याइनेछ ।

**धन्यवाद्**

**मान बहादुर खड्का**
**नगर प्रमुख**

**ईति सम्वत् २०७४ साल पौष २६ गते रोज ४ शुभम् ॥**